
# Why does God Permit Evil ?

STUDY # 10



THE GREAT TRUTHS OF
THE BIBLE

"Thy word is truth" ...John 17:17

THE GREAT TRUTHS OF THE BIBLE

STUDY : # 10

WHY DOES GOD PERMIT EVIL ?

# बाइबलका गहिरा सत्यताहरु

## पाठ-१०

## परमेश्वरले किन दुष्टतालाई अनुमति दिनुहुन्छ?

***पुनश्च:कृपया यहाँ समावेश गरिएका सबै पदहरुको निम्ती आफ्नो बाइबललाई आधार बनाइ अध्ययन गर्नुहोला।यस पाठमा उल्लेखित प्राय बाइबलका पदहरु Authorized King James Version बाट उद्दत गरिएका छन।***



आज हामी प्राय:सबैको मन-मस्तिष्क र हृदयमा उब्जिने प्रश्नमा आधारित रहेर अध्ययन गर्नेछौ।कसैले पनि पत्रपत्रीका,टेलिभिजन हेरेपछी नै यो विश्व कति दर्दनाक र कहाँलीलाग्दो अवस्थामा छ भन्ने कुरा थाहा हुन्छ।





कतै-कतै हामी पढ्न सक्छौ कि भर्खरै विवाहगरी सुहागरात मनाएर फर्किएका खुशी विवाहित दम्पतीहरु विभिन्न किसिमका दुर्घटनाहरुमा परी मृत्युवरण गर्नुपरेको दुखद घटनाहरुको समाचारहरु पढ्दछौ जसमा उनीहरुको कुनै दोष हुँदैन।



सबैको हृदयमा उब्जिने प्रश्नचाहिं "यो किन" नै हो अनि हामी निर्दोष बालकहरु खाना वा औषधीको अभावको कारण जन्मेको केहि दिन वा महिनामा नै बितेको घटनाहरु देख्दछौ।किन? त्यसरी मर्नु थियो भने किन तिनीहरुले जन्म लिनुपर्ने थियो त भन्ने प्रश्न सबैको मनमा स्वभावैले उब्जने गर्छ।



अनि हामीले सयौ हजारौ निर्दोष मानिसहरु AIDS,SARS,दादुरा, क्यान्सर,आदी रोग व्याधीबाट मरेको समाचारहरु पनि हेर्दछौ।अनि हामीले बर्षेनी युद्द र बिद्रोहबाट सयौ हजारौ निर्दोष गरिब मानिसहरु ठुलो सन्ख्यामा मर्नु परिरहेको पनि देख्छौ।**किन त?**



अनि हामीले धनी,बलिया र शक्ति प्राप्त गरेका व्यक्तिहरुले अबला-अदना र गरिब व्यक्तीहरुमाथी खुलारूपले अन्याय र अत्याचार गरेको पनि देख्दछौ।



अनि ति दमनकारीहरुलाई कसैले वा कुनै कानुनले पनि असर नगरेको हामी देख्दछौ।**किन**?तिनीहरु खुलेआम हिडिरहेको हामी पाउदछौ।



अनि हामीले चोरी,डकैती-दुष्टता,हत्या र बलात्कारका घटनाहरु पनि सुन्छौ र अपराधीहरु न्यायको कठघराभित्र पर्नु नपरेको पनि हेर्छौ।

**किन**?




अनि,यति मात्र पर्याप्त नभएर हामीले आँधिबेहेरी,आगजनी,भूकम्प,भुइँचालो,सुनामी आदीद्वारा हजारौ मानिसहरुले सास्ती भोगेको हामी देख्दछौ।र कसैले पनि यि प्राकृतिक प्रकोपलाई रोक्न सक्दैन।किन?



अनि हामीले बर्षेनी हजारौले आफ्नो हात,खुट्टा,आँखा, मेरुदण्ड आदी अङ्गहरु गुमाएर जिवनभर अपाङ्ग भएर बाच्नुपरेको पनि देख्दछौ।**किन**?



हो,सबैको मनमा यो '**किन**' प्रश्नको चित्कार छ।उत्तर चाँही के हो त?के परमेश्वरले यि चिजहरुको लेखा वा वास्ता राख्नुहुन्न?यि प्रश्नहरु करोँडौ मानिसहरुको हृदयमा उब्जिने अति महत्वपूर्ण प्रश्न हो।



यथार्थमा,धेरै विद्वानहरुले पनि यि प्रश्नहरुको चित्तबुझ्दो उत्तर र ब्याख्याहरु पाउन असफल भएको कारणले नै यस ब्रहमाण्डमा परमेश्वर नै हुनुहुन्न भन्ने निष्कर्ष निकाल्दछन किनकी यदि प्रभु हुनुहुन्थ्यो भनेता परमेश्वरले यि सबै परिस्थितिहरु बदल्न केहि न केहि गर्नुहुनुहुन्न थियो होला र? के उहाँले यि सबै सतावट,दुख र बेदनामा पनि दया देखाउनु हुन्थेन र?

त्यसो हो भने,यसको उत्तर चाहिँ के हो त?यो अहिलेको तत्कालिन प्रश्न होईन तर सदियौं अगाडी देखि मानव सभ्यतामा खड्किएको प्रश्न हो।परमेश्वरका अगमवक्ता र पवित्रजनहरुले यि प्रश्नहरुको उत्तरको खोजी गरे।यस सन्दर्भमा खुरन्दार विद्वान र शिक्षक राजा सोलोमनका अभिव्यक्तिहरु हामी उपदेशक ८:१६,१७ मा हेरौ।

*"जब मैले बुद्दि जान्नमा र पृथ्वीमाथि गरिने कामधन्दा हेर्नमा आफ्नो मन लगाएँ;(किनभने कोही छ, जसका आँखाहरुमा न दिनले निन्द्रा देव्छ,न रातले);१७ तब मैले परमेश्वरको सबै काम हेरें;अँ सुर्यमुनि गरिएको काम मानिसले पत्ता लगाउन सक्दैन;किनकी यसलाई खोजी निकाल्न कुनै मानिसले मेहनत गरेतापनी त्यसले यसलाई पत्ता लगाउनेछैन;अनि त्यती मात्र होइन,कुनै बुद्दिमान मानिसले यसलाई जान्ने बिचर गरेतापनि उसले यसलाई पत्ता लगाउन सक्नेछैन।"*

पढ्नुभयो?संसारका सबैभन्दा बुद्दिमान राजाको निष्कर्ष।अनि धैर्यवान अय्युबले अय्युब १०:३ मा यसरी भन्दछन।

*"के थिचोमिचो गर्नु,आफ्नो हातको कामलाई तुच्छ ठान्नु र दुष्टहरुको सल्लाहमाथि चम्कनु तपाईंका निम्ति असल हो र?"*

हो,यि विचारहरु आज करोडौंको मुखमा झुन्डिएको छ र मुखबाट बोलिन्छ।अनि अगमवक्ता हबकुकले, हबकुक १:२ मा भने,

*"हे परमप्रभु,कहिलेसम्म म पुकारुँ,र तपाईं सुन्नुहुन्न?'अत्याचार'!भन्दै म तपाईंकहाँ चिच्याउँछु,र तपाईं बच्चाउनुहुन्न!"*

अनी हामी दाउदले भजनसंग्रह ४४:२३ मा लेखेको वचनलाई हेरौ।

*"हे प्रभु,ब्युँझनुहोस्;तपाई किन सुत्नुहुन्छ?उठ्नुहोस;हामीलाई सदाको निम्ति नत्याग्नुहोस!"*

यस पदमा दाउदले प्रभुलाई सुतिरहनुभएको आरोप लगाउदछन जबकी भजनसङ्ग्रह १२१:३ मा आफैले प्रभु कहिल्यै उघ्नुहुनेछैन भनि लेखेका छन।हो,परमेश्वरका यि अभिषिक्त जनहरुले यो "किन" प्रश्नको उत्तर खोज्न भरमग्दुर प्रयास गरे तर उत्तर पाउन सकेनन।उनीहरु आफै अलमल्ल परे। परे।यस्को थप कारणचाहिँ उनीहरुले वचनमा परमेश्वर धर्मी,भला,असल र पवित्र हुनुहुन्छ जसले

सबै खराबीलाई घृणा गर्नुहुन्छ भनि पढेका थिए।

भजनसंग्रह ५:४,५

*"४ किनभने तपाई दुष्टतामा आनन्द लिने परमेश्वर हुनुहुन्न।नता तपाईसित खराबी नै वास गर्नेछ।५ मुर्खहरु तपाईंको दृष्टिमा उभिनेछैनन;कुकर्म गर्नेहरु सबैलाई तपाई घृणा गर्नुहुन्छ।"*

यसको अतिरिक्त उनीहरुले परमेश्वर सर्वशक्तिमान र सर्वशक्तिशाली हुनुहुन्छ र कुनै पनि चिजले उहाँलाई बिरोध गर्न अथवा अवरोध खडा गर्न सक्दैनन भनि पढेका थिए।यसलाई हामी यशैया १४:२७ मा पढ्न सक्छौ।

*"किनकी सेनाहरुका परमप्रभुले योजना गर्नुभएको हो र कसले यसलाई रद्द गर्ला? उहाँको हात फैल्याइएको छ, र कसले त्यसलाई फर्काउला?"*

त्यसो हो भने, किन परमेश्वर न्यायी,प्रेमी र शक्तिशाली हुनुहुन्छ,किन उहाँले दुष्टतालाई यस संसारमा स्थान दिनुभएको छ त?यसको उत्तर पक्कै हुनुपर्छ।तर हामीले अघि भर्खर मात्र हेर्यौ कि परमेश्वरका पवित्रजन र अगमवक्ताहरुले समेत यसको उत्तर नपाएकोमा अवस्था तत्काल नै(ई.स २००७ अगस्ट) को बेला भारतको कलकत्ता भन्ने ठाउँमा संसारमा थुप्रै सतावट र दुखहरु देखेर अनि भोगेर कुष्टरोगीहरुको सेवामा लागेकी मदर टेरेसाको हृदयमा पनि परमेश्वर र उहाँको अस्तित्वको बिषयमा शंका उपशंका र प्रश्नहरु थिए भन्ने समाचार प्रचुर मात्रामा फैलिएको थियो।हो,उनले पनि साच्चै परमेश्वरले किन दुष्टतालाई ठाउँ दिनुहुन्छ भन्ने कुरा बुझ्न नसकेर परमेश्वरको विषयमा केही गर्न सकिनन।त्यसो हो भने के हामीले आज यसको उत्तर पत्ता लगाउन सक्छौ?यसको उत्तर को सँग छ होला त?किनकि यसको उत्तर परमेश्वरले नै हामीलाई वचनहरुद्वारा दिनुभएको छ।यर्मिया ३३:३ लाई पढौ र सुनौ।

*"मलाई पुकार र म तिमीलाई जवाफ दिनेछु,अनि तिमीलाई ठुला र थाहा गर्न नसकिने कुराहरु प्रकट गर्नेछु,जुनचाँही तिमी जान्दैनौ।"*

कल्पना गर्नुहोस त,ब्रह्माण्डको सृष्टिकर्ता र परमेश्वर आफैले उहाँको विषयमा प्रश्नहरु सोध्न निमन्त्रणा गरिरहनुभएको छ।के यसलाई विश्वास गर्न गार्हो छ?यसको विषयमा फेरी यशैया १:१८ लाई पढौ।

*"परमप्रभु भन्नुहुन्छ:अब आओ,र हामी आपसमा तर्क वितर्क गरौं!तिमीहरुका पापहरु सिंदूरे रङ्का भएता पनि ति हिउँजस्ता सेता हुनेछन;ती गाढा राता भएता पनि ति ऊनजस्तै सेता हुनेछन्।"*

तर दुख लाग्दो कुरा थोरैले मात्र उहाँलाई प्रश्नहरु राख्छन।यथार्थमा यस सन्दर्भलाई प्रभुको पुत्र येशू ख्रीष्टले पनि पक्का गर्न मत्ती ७:७ मा बोल्नुभएको छ।

*"माग,र तिमीहरुलाई दिइनेछ;खोज,र तिमीहरुले भेट्टाउनेछौ;ढकढक्याओ र तिमीहरुका निम्ती खोलिनेछ।"*

हो,प्रभुले खोज्न,माग्न र ढक्ढकाउन निमन्त्रणा गरिरहनुभएको छ।र त्यही अध्यायको ८ पदमा उहाँको वाचालाई पढौ।

*"किनकी हरेक जसले माग्छ,त्यसले पाउँछ;अनि जसले खोज्छ,त्यसले भेट्टाउँछ;अनि जसले ढकढक्याउँछ, त्यसका निम्ती खोलिनेछ।"*

हो,यो वचनले सबैलाई जो कोहीले माग्ने,खोज्ने र ढक्ढकाउने काम गर्दछन उनीहरुको निम्ती उत्तर दिने कुरा भनिएको छ।यो प्रभुको महान र अचम्मको प्रतिज्ञा हो।तर थोरैले मात्र यि वचनहरु बुझेका छन।धेरैले यो वचनलाई प्रभुसँग सांसारिक चिजहरु जस्तै जागिर,घर,गाडी,धनदौलत,पति,पत्नि,आदी भन्न खोजिएको ठान्दछन।



तर येशूले यो भन्न खोज्नुभएको होईन।येशूले हाम्रो सांसारिक खाँचोको विषयमा के भन्नुहुन्छ त?हामीले यसको उत्तर मत्ती ६:८ मा पाउदछौ।

*“यस कारण तिमीहरुचाहिं तिनीहरुजस्ता नहोओ; किनकी तिमीहरुले उहाँलाई माग्नुभन्दा पहिल्यै,तिमीहरुलाई के-के खाँचो छ,सो तिमीहरुका पिताले जान्नुहुन्छ।“*

हो, परमेश्वर हाम्रो पिताले संसारमा रहँदा हामीलाई खाना,लुगाफाटा,बसोबास,आदी चाहिन्छ भन्ने कुरा जानुहुन्छ।यदि हाम्रो शारिरिक बुवाले हाम्रो हरेक खाचोहरु माग्नु भन्दा पहिले नै बुझेर/थाहा गरेर योजना बनाइ प्रदान गर्छन भने परमेश्वर,हाम्रो पिताले झन कति बढी सोच्नुहुन्छ होला।त्यसैले मती ७:७ पद कुनै पनि सांसारिक कुराहरुसँग सम्बन्धित छैन।तर यो पद नितान्त आत्मिक खुराक, आशिष,ज्ञान र बुद्दिको आत्मिक प्रतिज्ञा हो।

हामीले परमेश्वरले किन दुष्टतालाई स्थान दिनुहुन्छ भन्ने उत्तर खोज्नुभन्दा पहिला यो बुझौ कि हामीले उत्तर हामी आफै एकदमै बुद्धिमान भएकोले खोज्ने/पाउने आशा गर्दैनौ कि तर हामी अन्तको समय र दिनहरुमा जिइरहेका छौ।तसर्थ यदि हामी यो मनसायले "**किन**" भन्ने प्रश्न लिएर परमेश्वरको नजिक गयौ भने पक्कै पनि परमेश्वरले हामीलाई उहाँको उत्तरद्वारा प्रकाश पारिदिनुहुनेछ।त्यसो भने प्रभु कसरी बोल्नुहुन्छ र उत्तर दिनुहुन्छ त?



प्रभु हामीसँग वचनद्वारा बातचित गर्नुहुन्छ र यसलाई हामी यशैया ३४:१६ मा पाउदछौ।

*"परमप्रभुको पुस्तकबाट सोधखोज गर,र पढ! तिनमा एउटै पनि पुरा नभइ छोडिनेछैन,कसैलाई आफ्नो जोडाको घटिहुनेछैन;किनकी मेरो मुखले नै आज्ञा दिएको हो,र उहाँको आत्माले नै तिनलाई भेला पार्नुभएको हो।"*

हो,यो परमेश्वरले हरेक जसले उहाँको वचनको खोजी गर्दछन उनीहरुलाई प्रतिज्ञा गर्नुभएको हो।तसर्थ,उहाँको वचनहरुमा खोज्दै जा ँदा हामीले एउटा प्रमुख बाइबलको पदलाई पाउदछौ जुनचाहिँ आजको पाठ र विषयको उत्तरको सुरुवात हो।



उपदेशक १:१३ लाई पढौ।

*"आकाशमुनि गरिएका सबै कामकुराहरुको विषयमा बुद्दिद्वारा खोजेर पत्ता लगाउँ भनेर मैले आफ्नो मन लगाएँ:परमेश्वरले आदमका सन्तानहरुलाई,तिनीहरुले यस साह्रै कष्टदायक कामद्वारा कष्ट पाऊन् भन्ने हेतुले यो दिनुभएको हो । "*

यस सन्दर्भलाई हामी उपदेशक ३:१० मा पनि पाउदछौ।

*"मैले त्यो कष्टदायक काम देखेको छु,जुन काम परमेश्वरले मानिसका सन्तानहरुलाई,त्यसद्वारा तिनीहरुले कष्ट पाऊन् भन्ने हेतुले दिनुभएको हो।"*

यसको अर्थ के हो?यो अभिभारा अथवा भारको अर्थ के हो ला त?



यो विश्वको दर्द,सतावट,दुख,अन्नाय,चोरी,डकैती,हत्या,भोकमरी, रोगव्याधी,प्राकृतिक प्रकोप र मृत्युको वर्तमान अवस्थाहरु हो।यसलाई साधारण भाषामा 'भार' भन्ने शब्द चलाईएको छ।यस भारको बिषयमा हामीले के पढ्यौ त?परमेश्वर आफैले नै यस्तो भार अथवा दुष्ट अवस्थाहरु मानिसहरुमाथी राखिदिनुभएको छ।यसको अर्थ के हो त ?

के यसले जसरी व्यायामले शरिरलाई फाइदा गर्दछ,त्यसरी नै यस्तो भारहरुले मानिसलाई फाइदा पुर्याउदछ भन्न खोजिएको हो त?

हो,केही हदसम्म यस्ता दर्दानक अनुभब र पिडादायी अवस्थाहरुले मानिसलाई फाइदा पनि ल्याउदछ। *'मानिसहरुमाथी राखिदिनुभएको छ'*, यि शब्दहरुभित्र नै महान शिक्षाहरु लुकेका छन जुन आज हामी अध्ययन गर्ने छौ।तसर्थ,हामीले परमेश्वर आफैले नै र उहाँको अनुमतिमा नै सम्पूर्ण दुष्टतालाई उहाँको योजना र उद्देश्यमा स्थान दिनुभएको छ भन्ने कुरा बुझौ।हो,यही विषयमा हामीले यशैया ६६:१ मा स्पष्ट रूपमा पढ्न सक्छौ।

*"परमप्रभु यसो भन्नुहुन्छ: "स्वर्ग मेरो सिँहासन र पृथ्वी मेरो पाउदान हो; तब त्यो भवन कहाँ छ,जुन भवन तिमीहरु मेरा निम्ती बनाउँछौ?र मेरो बिश्रामस्थल कहाँ छ?"*



बुझ्नुभयो?छैन?त,परमेश्वरले यहाँ एउटा विशाल र महान वाक्य बोल्दै हुनुहुन्छ।पाउदानको अर्थ के हो त?साधारणतया पाउदान भनेको राजा आफ्नो सिंहासनमा बस्दा खेरी आफ्नो पाउहरुलाई आराम दिन बनाइएको ३/४ खुट्टाको कपडाले सिङ्गारिएको पिर्का आकारको फर्निचर हो।के परमेश्वरले यै पिर्काक विषयमा यस वचनमा बताउन खोज्नुभएको हो त?

त्यसो हो भने,के उहाँले आफ्ना पाउहरु यस पृथ्वीमा आराम गर्न राख्नुहुन्छ त?जबकी उहाँ स्वर्गमा बास गर्नुहुन्छ?होईन,यो विचार भन्न खोजिएको होईन।

पाउदानको दोश्रो अर्थ पनि छ जेलाई हामी प्रेरित २२:३ मा पाउदछौ।

*"म साँच्चै सिलिसियाको टार्टस शहरमा जन्मिएको यहूदी मानिस हुँ,तर पनि यही शहरमा गमलियलको चरणमा हुर्केको हुँ, पितापुर्खाहरुको ब्यवस्थाको सिद्द रिति मुताविक मलाई शिक्षा दिइयो,र परमेश्वरप्रति म जोशले भरिएको थिएँ, जसरी आज तपाईहरु सबैजना हुनुहुन्छ।"*



यहाँ प्रेरित पावलले गमलियलको [ब्यवस्थाको शिक्षक (प्रेरित ५:३४)] पाउमा शिक्षा पाएको कुरा बताएका छन।तसर्थ,पाउमा शिक्षा पाउनु अथवा पाउको नजिकको ठाउँ अथवा पाउदानलाई सिकाइको अवस्थालाई इङ्गित गर्दछ।भारतमा यो कुनै नौलो विषय होईन।परापूर्वकालदेखि नै 'गुरु-शिष्य' परम्परामा चेलाहरु आफ्ना गुरुको पाउमा सिक्ने गर्दथे।तसर्थ,परमेश्वरले पनि पृथ्वीलाई पाउदान अथवा सिकिरहेको अवस्थामा छ भन्न खोज्नुभएको हो।सिकाइको विद्यालयमा उमेर अनुसार विद्यार्थीहरु फरक-फरक कक्षाहरुमा पढ्दछन त्यसरी नै यस संसारमा नाबालक,बच्चा,जवान, अधबैँसे र वृद्ध मानिसहरु विभिन्न तहमा यस विद्यालयमा सिक्दैछन।कसैले सोध्न सक्लान, 'किन कसैले यस्तो दर्दहरु भएर सिक्नुपर्ने?'

'के परमेश्वरले मानिसलाई खराबी नै नहुने अथवा कत्तिपनि खराबी नगर्ने तवरमा बनाउन सक्नुहुनेथिएन र?परमेश्वरले त्यो सजिलै गर्न सक्नुहुन्थ्यो तर मानिसको निम्ति यो उहाँको उद्देश्य होईन?त्यसो भने मानिस यन्त्र जस्तै हुन्थ्यो होला।के परमेश्वरले यन्त्र बनाउनु कठिन काम हो? होईन,ति त आज मानिस आफैले नै बोल्ने हिड्ने रोबोटहरु बनाइसकेका छन जसले प्रबिधिद्वारा जे अऱ्हायो ठ्याक्कै त्यस्तै गर्दछ।





कल्पना गर्नुहोस त?के परमेश्वरले मानिसलाई रोबोट जस्तै बनाइदिनुभएको असल हुने थियो होला र?त्यसो हो भनेता मानिस कमारो जस्तै हुने थियो जसले अन्धाधुन्ध बिना कुनै कारण आदेशहरु पालन गर्दथ्यो-एउटा जिवित यन्त्र रोबोट? परमेश्वर मानिस जातीप्रतिको योजना यस्तो कदापी होईन।

स्मरण रहोस,परमेश्वरले यस पृथ्वीमा मानिस सृष्टि गर्नुहुँदा पृथ्वीको राजा तुल्याउनुभएको थियो जेको विषयमा हामीले उत्पत्ती १:२८ मा स्पष्ट पाउदछौ।

*"अनि परमेश्वरले तिनीहरुलाई आशिर्बाद दिनुभयो;र भन्नुभयो:फल्दै फुल्दै र वृद्धि हुँदै जाओ!अनि पृथ्वीलाई भरिदेओ र त्यसलाई वशमा पार!अनि समुन्द्रका माछामाथि,आकाशका पंक्षिमाथि,र पृथ्वीमा चलखेल गर्ने हरेक जीवित प्राणीमाथि अधिकार राख्!"*



भजनसंग्रह ८:५, *"किनकि तपाईले उसलाई स्वर्गदुतहरुभन्दा केही कम बनाउनुभयो।र उसलाई महिमा र आदरको मुकुट पहिर्याउनुभयो।"*

कल्पना गर्नुहोस त,मेसिन राजा।अहँ,यो सम्भव नै छैन।तसर्थ,हामीले पढ्छौ कि परमेश्वरले मानिस जातिलाई आफ्नै स्वरूप र प्रतिरूपमा बनाउनुभयो जसको तात्पर्य चाहिँ

- >मानिस पापरहित र परमेश्वर जस्तै सिद्ध बनाइएको थियो।

- >मानिस जिवित प्राणी भएकोले उसमा जिउने अधिकार थियो र उ मर्नको निमित्त बनाइएको थिएन।

- >मानिसलाई प्रभुकै अर्को गुण पनि प्रदान गरिएको थियो कि प्रभुले मानिसलाई के बोल्ने,गर्ने,सोच्ने आदी कुराहरुको स्वतन्त्रता र इच्छाको स्वतन्त्रता छोडिदिनुभएको थियो।



हो,मानिसलाई सित्तैको नैतिक स्वतन्त्रता दिइएको थियो।उसले आफ्नो कामकर्म आफै रोज्न पाउथ्यो।त्यसैले नै परमेश्वरले मानिस बनाउनु भयो।तर यस स्वतन्त्रता सँगसँगै खतरा पनि आउँदछ।ठुलो खतरा।ब्रह्माण्डमा २ वटा विशाल शक्तिहरु छन।खराब र असल।र तिनीहरुको आफ्नै नतिजा र फलहरु छन।असल मार्गले खुशी,शान्ति, आनन्द र अनन्त जिवनतिर डोर्याउदछ भने खराब मार्गले दर्द,दुख, सतावट र मृत्युतिर लैजादछ ।

अनि मानिसले आफ्नै स्वतन्त्रता र चेतनामा सही छनौट गर्नुपर्ने हुन्छ जसको विषयमा हामीले अय्युब ३४:४ मा पाउदछौ।

*"आफ्ना निम्ती हामी न्याय रोजौं;जे असल छ त्यो कुरा हामी आपसमा जानौं!"*

तसर्थ,मानिसले स्पष्ट र ठिक निर्णय/मार्ग छनौट गर्नको लागी उसँग प्रथमत: यि दुई शक्तिलाई यथार्थ थाहा गरेको हुनुपर्‍यो भने अर्को यिनीहरुको फल र नतिजाहरुको पनि जानकारी हुनुपर्‍यो।यसको लागी उसलाई समय पनि त चाहियो नि।



हो,परमेश्वरले यसैको निम्ति मानवजातीलाई खराब र असल बुझ्ने मौका प्रदान गर्नको लागी सिङ्गै दिव्य योजना बनाउनुभएको छ।मानौ कसैले "तिमीलाई रेलबाट वा विमानबाट यात्रा गर्न मनपर्छ?"भनेर सोध्यो भने कसैले यदि रेल र विमान दुवैबाट यात्रा गरेकोले मात्र यस प्रश्नको ठिक र सही उत्तर दिन सक्दछ।यदि कसैले रेल अथवा विमान कुनै एकबाट यात्रा गरेको छैन भने यस प्रश्नको ठिक र सही उत्तर दिने स्थानमा हुँदैन।त्यसरी नै मानवजातीको लागी खराब र असल शक्ति बुझ्नको लागी लागु हुन्छ।तसर्थ नै उत्पती २:१७ मा अदनको बगैंचामा खराब र असलको ज्ञान दिने रुख भनिएको हो।अर्थात,परमेश्वरको आज्ञालाई भङ्ग गरेर त्यो फल खानु नै खराब र असल शक्तिको ज्ञान प्राप्त गर्ने सिकाइको प्रकियालाई चलायमान बनाइदियो।तर कसैले भन्न सक्छन-यो छोटो र मृत्युमा टुङ्गिने जिवनमा यि भोगाइहरुको अर्थ र प्रयोग के त?यही प्रश्नबाट नै हामी बाइबलिय महान सत्यताले भरीपूर्ण परमेश्वरको दिब्य योजनाको आवश्यक्तालाई थाहा गर्दछौ जसको विषयमा धेरै विश्वाशी र अन्यजातीहरु अजान छन कि सम्पूर्ण मानवजाती जो मरिसके र मर्नेछन ति सबै फेरी जिवित हुनेछन।हो,विश्वास गर्नुहोस या नगर्नुहोस।यो तथ्य सा ँच्चै अविश्वसनीय नै छ।अlg यो तथ्य परमेश्वरकै वचनमा नलेखिएको भए हामीलाई विश्वास गर्न कठिन हुन्थ्यो।येशू ख्रीष्टले कलबरीको क्रुशमा दिनुभएको महान त्याग र मृत्युद्वारा नै सम्पूर्ण मानवजातीले पुनरुत्थानद्वारा फेरी जिवित हुने अवसर प्राप्त गर्नेछन। जसको विषयमा हामीले १ कोरिन्थी १५:२२ मा पढ्दछौ।

*"किनकी आदममा सबै मर्छन,त्यसरी नै ख्रीष्टमा सबै जिउँदो पारिनेछन। "*

अब स्वभाविक प्रश्न के आउँदछ भने के असल र खराब मानिस दुबै जिवित पारिनेछन त?



हो,यसको विषयमा हामीले प्रेरित पावलद्वारा लिखित प्रेरित २४:१५ मा पाउदछौ।

*"अनि मरेकाहरुको,दुबै धर्मी र अधर्मीहरुको बौरिउठाइ हुनेछ भनी म परमेश्वरमा आशा राख्दछु,जुन कुरा यिनीहरु आफैले पनि स्विकार गर्दछन।"*

हो,यो विषय स्पष्ट छ।होईन र?



येशूले पनि यस सम्‍बन्धमा आफ्ना वचनद्वारा युहुन्ना ५:२८ मा स्पष्ट बोल्नुभएको छ।

*"यस कुरामा अचम्म नमान,किनभने समय आइरहेछ,जब चिहानमा रहेकाहरु सबैले उनको स्वर सुन्नेछन।"*

हो,उहाँको दोश्रो आगमनमा उहाँको राज्यमा सबै मानिसहरु मृत्युबाट जिवित उठाइनेछन जतिबेला अहिलेको दुष्ट युग समाप्त भई उहाँको धार्मिकताको राज्यब्यवस्था स्थापना भई शुरु हुन्छ। कल्पना गर्नुहोस कि सारा संसारले फेरी दोश्रो मौका पाउनेछ।ठुला गल्तीहरु र खराब कर्मको प्रायश्चित,क्षमा, पश्चाताप र पुनर्स्थापन गर्ने मौका।

उदाहरणको लागि: हत्यारा र हत्या गरिएको फेरी जिवित भई आम्नेसाम्ने खडा हुनेछन।

कतिपय ठुल्ठुला अपराधीहरुले कठघराको बारहरुभित्र आफ्नो जिवनको अन्तिम उत्तरार्द्धमा मैले फेरी एकपटक जिउन पाए भन्ने सोचेका,आशा गरेका र सपना देखेका होलान।




यदि मैले अहिले जे थाहा पाउदैछु ति पहिलानै थाहा पाएको भए भनेर अर्थात यदि मैले जिवनलाई फेरी नयाँ शुरुवात गर्न पाएको भए मैले अहिले गरेका गल्तीहरु फेरी दोहोराउने थिइन भनेर कल्पना गरेका होलान।हो,यो इच्छा धैरै ब्यक्तिहरुको हुनसक्छ।परमेश्वरले सबैलाई फेरी अर्को मौका दिनुहुनेछ।तसर्थ,प्रभु परमेश्वरko दिब्य योजनामा दुई वटा प्रमुख कालखण्डहरु छन।

१ पहिलो र दोश्रो विश्व:(दुष्टताको अनुमतिको लागी) दुष्टताको समय

यहाँ हामी हेर्दछौ कि,आदममा सबै मर्दछन।

२. तेश्रो विश्व:धार्मिकतालाई बुझ्ने समय (२ पत्रुस ३:१३) असल समय



यहाँ हामी प्रभुमा सबै जिवित हुनेछन भन्ने कुरा पाउदछौ।

त्यसैले सबैको लागी दुई फरक अनुभव र जिवनको सिमा(अबधि)हुन्छन।यथार्थमा,सबैजना दुई पटक जिउनेछन।बाइबलको यो महान सत्यलाई कमै मानिसले मात्र बुझेका छन।यो प्रभुको इच्छा हो जसरी उहाँले मानिस बनाउनुभयो र हामी यसलाई रोमी ८:२०,२१ मा पढ्न सक्छौ।

*"२0किनकी सृष्टि ब्यर्थताको अधिनतामा राखिएको छ;आफ्नै इच्छाले होइन,तर उहाँको इच्छाले,जसले त्यसलाई अधिनतामा राख्नुभएको छ,त्यस आशामा;२१ किनभने सृष्टि आँफैले पनि विनाशको बन्धनबाट छुटकारा पाएर परमेश्वरका सन्तानहरुको महिमापूर्ण स्वतन्त्रताभित्र प्रवेश गर्नेछ।"*

हो,यो संक्षेपमा परमेश्वरको योजना हो।यसले जिवनका दुई अवस्थाहरुबारे बताउदछ।एउटा "भ्रष्टचार/विनाशको बन्धन" र अर्को "परमेश्वरका सन्तानको महिमित स्वतन्त्रताको" अवस्था हो। यस पदको अर्थलाई अब हामी अध्ययन गरौ।

"सृष्टि"–यसले यस संसारको मानवजातीलाई संकेत गर्दछ।

"ब्यर्थताको बशमा पारियो,त्यस्को आफ्नै इच्छाले होईन"–यसले भजनसंग्रह ५१:५ मा भनिए जस्तै पाप र मृत्युको साझा दोषी अवस्थालाई जनाउदछ जुन सबै मानिसमा आउदछ।

*"हेर्नुहोस्,म अधर्ममा उत्पन्न भए,र पापमा मेरी आमाले मलाई गर्भधारण गरिन्।"*

रोमी ५:१२, *"यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो,र पापद्वारा मृत्यु आयो,अनि त्यसरी नै मृत्यु सबै मानिसहरुमा फैलियो;किनकी सबैले पाप गरेका छन।"*

"त्यस्को आफ्नै इच्छाले होईन"-यसले यो पापको बन्धनको सम्बन्धमा कसैको पनि व्यक्तिगत छनौट नहुने कुरा बताउदछ।जसरी बाबुआमाले आफ्नो बालबच्चाको लेखी उनीहरुको जन्मभन्दा पहिला नै अथवा उनीहरु बालक हुने बेला नै उनीहरुकै भलोको निम्ती कतिपय कुराहरुमा निर्णय लिदछन।यसरी जसै परमेश्वर सबै सृष्टिका पिता परमेश्वर हुनुहुन्छ (एफिसी ३:१४,१५) उहाँले सम्पूर्ण जातिको तर्फबाट यो निर्णय गर्नुभएको हो।

"यसै आशामा कि,यि सबै पापको बन्धन अथवा दुष्टताचाहिँ प्रभु परमेश्वरले स्वयम आफ्नै इच्छाले एउटा आशाको निम्ति अनुमतिमा छोडिदिनुभएको छ।यो आशा के हो त?यसले दुष्टताको अनुमतिमा र यो दुष्टताको तितो स्वाद अथवा अनुभवद्वारा सिकिने शिक्षा र फाइदाहरुलाई संकेत गर्दछ,जेद्वारा खराबी,दुष्टताप्रति घृणा,तिरस्कार र धार्मिकताप्रति माया,प्रेम,तृष्णाको अवस्थालाई निम्ताउदछ।अब,

कसैले भन्न सक्ला- "के यो दुष्टताको ज्ञान बुझ्ने अरु कुनै सरल,सहज र कम पिडादायक तरिका छैन"?यसको उत्तरमा हामीले ज्ञान सिक्ने विभिन्न तरिकाहरुलाई अवलम्बन गरौ र अध्ययन गरौ।हो, साँच्चै ज्ञान आर्जन गर्ने चारवटा तरिकाहरु छन जुन निम्न लिखित छन।

१.अन्तर्ज्ञान २.अबलोकन ३.जानकारी ४.अनुभव

अब,हामीले यि चारवटा तरिकाहरुलाई एकपछि अर्को गर्दै बुझ्ने प्रयास गरौ।

१अन्तर्ज्ञान: यो बिना भोगाइ,गराइ र चखाइ नै सिधा ज्ञान हासिल गर्न सकिने प्रक्रिया हो।यसले स्वत्त: आफसेआफ सबै चिजको पुर्ण र स्पष्ट ज्ञानलाई सकेंत गर्दछ।प्रभुमा यही प्रकृयाद्वाराको ज्ञान छ त्यसैले उहाँले दुष्टताको विषयमा जान्न त्यसलाई अनुभव गर्नुपर्दैन र त्यसका नतिजाहरुलाई बुझ्नु पर्दैन।

आउनुहोस हामीले यशैया ४०:१४ मा उहाँको सर्बज्ञानको शक्तिलाई पढौ।



*"कससँग उहाँले सल्लाह लिनुभयो;अनि कसले उहाँलाई शिक्षा दियो,र न्यायको मार्ग उहाँलाई सिकायो,उहाँलाई ज्ञान सिकायो र उहाँलाई समझको मार्ग देखायो?"*

हो,परमेश्वर आफै आफ्नो शिक्षक हुनुहुन्छ।यो अन्तर्ज्ञान हो।मानवजाती कसैले पनि यो प्रकाशको ज्ञानको शक्ति छ भन्ने दाबी गर्न सक्दैन।अब दोश्रो तरिका हेरौ।

२.अबलोकन/निरिक्षण:



यो चाहिँ अरुको जिवनको भोगाइ र कामलाई आधार मानी त्यसको नतिजा र फलहरुलाई टिपोट गरी र हेरी ज्ञान हासिल गर्ने तरिका हो।तसर्थ,पारिवारिक जिवनमा,साथी भाईहरुको माझ,नातेदारहरुबिच,विद्यालय,कार्यालयमा अथवा रेल र बसद्वारा यात्रा गर्दा पनि थुप्रै ज्ञानहरु अबलोकनबाटै प्राप्त गर्न सक्छौ।

उदाहरण:हानिकारक र पापी अभ्यास/बानीहरु जस्तै धुम्रपान,मदिरा,जुवा,स्वार्थ, खराब बोली आदि।

हो,यस सिकाइको तरिकाबाट थुप्रै ज्ञानहरु हासिल गर्न सहयोग त गर्दछ,तर यसैले जिवनको सबै क्षेत्रहरुको गहिरो र स्थायी ज्ञान चाहिँ दिदैन।यो थुप्रै शिक्षाहरु सिक्न उपयोगी छ तर यस तरिकाले सबै शिक्षा चाहिँ दिदैन।तर,के तपाईलाई थाहा छ?स्वर्गका दुतहरुले यसै तरिकाबाट दुष्ट र पापको विषयमा ज्ञान हासिल गरिरहेका छन।जेको बारे हामीले १ कोरिन्थी ४:९ मा पढ्न पाउछौ।

*"किनकी मलाई यस्तो लाग्छ,परमेश्वरले हामी प्रेरितहरुलाई मृत्युका निम्ति ठहराइएकाहरुलाई जस्तो*

*गरी सबैभन्दा पछिल्तिर राख्नुभएको छ;किनकी हामी संसारका निम्ति,स्वर्गदुतहरुका निम्ति,र मानिसहरुका निम्ति तमाशा बनाइएका छौ।"*

हो, "तमाशा" शब्दले हेर्ने क्रियालाई जनाउदछ।कुनै कविले उचितसँग लेखेका छन "कि सारा विश्व रङ्गमन्च हो र मानिस त्यसमा नाटककार"

यो सत्य हो।साच्चै विश्व दुबै मानवजाती र स्वर्गिय दुतहरुको निम्ति रङ्गमन्च हो।पहिलो विश्व पूर्व (जल-प्रलय)मा किन केही अबलोकन गरिरहेका स्वर्गदुतहरु पृथ्वीसम्म पनि झरि पतित मानवजातीलाई सहयोग गरे त? (हिब्रु २:५) तिनीहरु साँच्चै पाप र मृत्युको मार्गमा साह्रै पतित हुँदै गइरहेको मानवजाती देखेर चकित भए।हो यो तरिकाबाट स्वर्गदुतहरुले दुष्टता र पापको विषयमा सिक्दछन तापनि मानवजातीको लागी सम्पूर्ण ज्ञान हासिल गर्न यो तरिका मात्र प्रशस्त छैन।अब,हामी ज्ञान हासिल गर्ने तेश्रो तरिकालाई हेरौ।

३. जानकारी

यो चाँही कुनै पनि सन्दर्भ क्षेत्रको र त्यसमा समावेश हुने सम्भावित खतरा बोलिएको वृस्तित जानकारीको आधारमा ज्ञान आर्जन गर्ने तरिका हो।यही तरिकालाई परमेश्वरले अदनको बगैचामा पनि प्रयोग गर्नुभयो।यसको बारे हामी उत्पत्ति २:१६,१७ पाउदछौ।





*"१६अनि परमप्रभु परमेश्वरले यसो भन्दै आज्ञा गर्नुभयो:"बगैंचाको हरेक रुखबाट तिमीले स्वतन्त्रतापुर्वक खान सक्छौ;१७तर असल र खराबको ज्ञानको रुखबाट तिमीले नखानु!किनकी जुन दिन तिमीले त्यसबाट खान्छौ,त्यहि दिन तिमी निश्चय मर्नेछौ।"*

तर यस आज्ञाले आदममा काम गर्‍यो त?के यो जानकारी पर्याप्त थियो त?थिएन।यो जानकारी मात्र पापलाई बहिष्कार/मनाही गर्न असमर्थ थियो।यो ज्ञानलाई प्रसार गर्ने तरिका आज बुवाआमा र बालबच्चाको बिचमा पनि पाउन सक्छौ।बुवाआमाले आफ्नो व्यक्तिगत अनुभव,कठिन अवस्था र दुर्दशाद्वारा आफ्नो बालबच्चाहरुलाई जानकारी दिई दुष्टताबाट जोगाउन खोज्छन।तर,के बच्चाहरु बुवाआमाको वचन खान्छन त?कतिपय अवस्थाहरुमा हुनसक्छ साधारण उत्तर चाहिँ मान्दैनन नै हुन्छ।अब हामी चौथो तरिकामा आइपुगेका छौ जुनचाहिं ज्ञान आर्जनको लागी यो तरिकाबाट स्वर्गदुतहरुले दुष्टता र पापको विषयमा सिक्दछन तापनि मानवजातीको लागी सम्पूर्ण ज्ञान हासिल गर्न यो तरिका मात्र प्रशस्त छैन। छैन।अब,हामी चौथो तरिकामा आइपुगेका छौ जुनचाहिँ ज्ञान आर्जनको लागी सबैभन्दा प्रभावकारी तरिका हो।

४.अनुभव:यो चाहिँ जिवनका कुनै पनि क्षेत्रलाई व्यक्तिगत तवरमा आफैले गरेर/भोगेर ज्ञान आर्जन गर्ने तरिका हो।यो तरिका मार्फत खराबी दुष्टताको ज्ञान हासिल गर्दा साह्रै तीतो र दर्दानक हुन्छ तर यसले मानिसको मस्तिष्क र सम्झनामा अझ कडा र गहिरो छाप छोड्दछ।अनि यो तरिकापछि हामीले पढ्दा सबै मानवजातीको लागि आशिष साबित हुनेछ।

जसको विषयमा हामी हिब्रु १२:११ मा पढ्न सक्छौ।



*"अनि कुनैपनि ताड्ना अहिलेलाई आनन्दमय होइन,तर दु:खदायी नै देखापर्छ;तरै पनि यस तालिमद्वारा अभ्यस्त भई सकेकाहरुका निम्ति यसले पछिबाट धार्मिकताको शान्तिमय फल दिनेछ।"*

हो,अनुभव नै सबैभन्दा प्रभावकारी तरिका हुनेछ।त्यसैले त हामीले 'खिरको स्वाद त्यसलाई चाखेर नै थाहा हुन्छ' भन्ने जस्ता प्रचलित भनाईहरु सुन्छौ।तसर्थ,परमेश्वरले दुष्टतालाई यस हेतुले नै अनुमति दिनुहुन्छ ताकि मानवजातीले त्यसलाई अनुभव गरी त्यसको मानिसमा भयानक नतिजाहरुको प्रभावद्वारा सिक्न सकुन।जस्तै कि:

->शरिरमा–रोगव्याधी,अङ्गभङ्ग,अपाङ्गता आदि

-> मस्तिष्कमा:मानसिक तनाव,मानसिक असन्तुलन,विचलन र विकारहरु आदि

-> व्यक्ति विशेषमा:भावनात्मक र मनोबैज्ञानिक विकार

->परिवारहरुमा:स्वार्थले गर्दा पारिवारिक बन्धन टुट्छ।

->समाजमा:बुवाआमाको आफ्नै जिवनयापनबाट आफैले दोषी र ग्लानी महसुस गरि आफ्ना बालबच्चाहरुलाई अनुशासनमा राख्न नसकी समाजमा अनैतिकता र अन्याय हाबी हुँदै जानु।

अनि त्यसपछी देशहरूमा र सारा विश्वमा:अशान्ती,जातिय विभेद,सिमा सम्बन्धी आतंकबाद र युद्दहरु आदी।

हो,दुष्टताद्वारा चरम विनाश हेर्नुहोस त?यि सबै नतिजा/अवस्थाहरु दुष्टताको अनुमतिद्वारा प्रत्यक्ष/अप्रत्यक्ष कारणले गर्दा भएका हुन।

हामीले अब परमेश्वरले आफैले दुष्टतालाई अनुमति दिएर साच्चै के गर्दै हुनुहुन्छ भन्ने कुरालाई एउटा साधारण उदाहरणद्वारा विश्लेषण गरौ।



**(आगो)**

हो,आगोको उदाहरण लिऔ।यो हेर्नमा अति नै चहकिलो,रङ्गीन र आकर्षक देखिन्छ।सानो बालकहरु यसप्रति सार्है आकर्षित हुन्छन तर त्यसमा हुन सक्ने खतराहरु बुझेका/जानेका हुँदैनन।तब कुनै मायालु र चलाख बुवाले आफ्नो बच्चा त्यो आगोतर्फ आकर्षण भईराखेको देख्दा के गर्छन त?त्यस बुवाले आफ्नो बच्चालाई आगोको नजिक लगेर त्यसको अनुभव गराउन सक्छन।त्यति नजिक कि बच्चाले बस आगोको ताप महसुस गर्न सकोस तर जलाउन/पोल्न नसक्ने गरी टाढा।



तसर्थ,त्यस बच्चाले आगोको खतराबारे गहिरो शिक्षा सिक्न सकोस र त्यसलाई कदापी भुल्न नसकोस।त्यसरी नै पापको सम्बन्धमा परमेश्वरले हामीलाई सिकाउन/सिकेको चाहनुहुन्छ।ठ्याक्कै, आगो जस्तै यो बाहिरबाट हेर्दा सार्है चाखलाग्दो र आनन्दमय देखिन सक्छ।यसरी नै,पापको सबै उपजहरुले मानिस जातिलाई त्यसरी नै आकर्षण गर्दछ जसरी हामी हितोपदेश १४:१२ मा पढ्न पाउछौ।

*"एउटा बाटो छ,जुनचाहिँ मान्छेको दृष्टिमा ठीक देखापर्छ तर त्यसको अन्त्यचाहिँ मृत्युका बाटाहरु नै हुन्।"*

हो,पापको सबै मार्गहरु आज पतित मानिसलाई रमाइलो लाग्न सक्ला।जस्तै:झुट,ब्यभिचार, मदिरासेवन,अनैतिकपन आदी।तर त्यसको भोगाइ र अनुभवले केबल सतावट,दुख,पिडा र मृत्युमा पुर्याउदछ।त्यसैले रोमी ८:२०,२१ मा उल्लेख भएको प्रभुको आशाले यही जनाउदछ कि,मानिस जातीले त्यो 'पाप' को 'ताप' बाट पाएको अनुभवबाट गहिरा र महत्वपुर्ण शिक्षाहरु सिक्न सकुन।कि,पापको ज्याला मृत्यु हो जसरी हामी रोमी ७:१३ मा पढ्न सक्छौ।

*"तब के,जे असल छ,त्यही मेरा लागी मृत्यु बन्यो त?कदापी होइन!तर पापले आफु पापनै देखा परोस् भनेर जे असल छ त्यहीद्वारा ममा मृत्यु उत्पन्न गरिरहेको थियो,आज्ञाद्वारा पाप ज्यादै पापमय बनोस् भनेर।"*

तर,परमेश्वरले यसलाई 'जलेको' अनुभवचाहिँ गराउनुहुन्न भन्ने विश्वस्तता दिलाउनुहुन्छ कि यसद्वारा मानवजाति-सधैको लागी स्थायी रूपले नाश होस।किनकी,उहाँको कृपा र दयाको विषयमा हामीले होशे १३:१४ मा पढ्न पाउछौ।

*"म तिनीहरूलाई पातालको शक्तिबाट मोल तिरेर छुटाउनेछु।म तिनीहरूलाई मृत्युबाट छुटाउनेछु।हे मृत्यु!तेरो महामारीहरु कहाँ छन?हे चिहान तेरो नाश गर्ने शक्ति कहाँ छ?मेरो आखाँबाट अब दया लुकेको छ।"*



हो,परमेश्वरले येशूको कलबरीको क्रुशमा दिनुभएको बलिदानद्वारा सम्पूर्ण मानवजातीलाई मृत्युद्वारा छुटकाराको योजना बनाउनुभएको छ।अनि,यसको विषयमा साच्चै मानवजातीले सिक्नेछन। आउनुहोस,मानवजातीको अवस्थाको विषयमा यशैया १३:१२ मा गरिएको भविष्यबाणी हेरौ।

*"म मानिसलाई निखुर सुनभन्दा,अँ,मानिसलाई ओपेरको सुनभन्दा दुर्लभ तुल्याउनेछु।"*

हो,निखुर सुनले अति पवित्र चालचलनलाई सकेंत गर्दछ।यसको बारेमा हामीले अर्को भविष्यबाणी यशैया ६६:२४ मा पढ्न सक्छौ।

*"अनि उनीहरु निस्कनेछन्,र ति मानिसहरुको लासहरु हेर्नेछन्,जसले मेरो बिरोधमा अपराध गरेका थिए;किनकी न तिनीहरुको किरा मर्नेछ,न तिनीहरुको आगो निभ्नेछ;अनि तिनीहरु सबै प्राणीहरुका निम्ति घृणित ठहरिनेछन।"*

हो, सबै मानवजातीले पापलाई घृणा गर्न सिक्नेछन्,धार्मिकतालाई प्रेम गर्नेछन र सुनौलो चरित्रहरुको विकास गर्नेछन।अनि,उहाँको पाउदान,यस पृथ्वी,यस–"विद्यालय"को भविष्यको अवस्थाबारे हामीले यशैया ६०:१३ मा पढ्न सक्छौ।

*"लबानोनको महिमा अर्थात् सल्ला,धुपी,र गोब्रेसल्ला मेरो पवित्रस्थानको ठाउँलाई सुन्दर तुल्याउन एकसाथ तँ कहाँ आउनेछन;अनि म आफ्नो चरणस्थानलाई महिमित तुल्याउनेछु। "*

हो,यस गौरवमय शब्दले यस संसारको भबिष्यमा हुने सिद्द र सुखी पृथ्वीलाई संकेत गर्दछ जसको विषयमा हामीले यशैया १४:७ मा पढ्न सक्छौ।

*"सारा पृथ्वीले विश्राम लिएको छ,र शान्त छ;तिनीहरु गाइउठ्छन।"*

हो,यहाँ *'गाउन लागेका छन'* भन्ने पदले सुख र शान्तिको अवस्थालाई सकेंत गर्दछ।आजका दिनहरुमा मानिसहरुले कति गाउछन त? विरलै मात्र।यसले आजको दुष्ट युगमा सुख र शान्ति ह्रास हुँदै गएको अवस्थालाई इङ्गित गर्दछ।त्यो समयहरुको बारेमा हामीले फेरी यशैया ३५:१० मा पढ्न पाउछौ।

*"अनि परमप्रभुका दाम तिरेर छुटाइएकाहरु फर्कनेछन्,सियोनमा गीत गाउँदै आउनेछन; उनीहरुका शिरमाथि सदा रहिरहने आनन्द हुनेछ;उनीहरुले हर्ष र आनन्द प्राप्त गर्नेछन्;शोक र सुस्केरा भाग्नेछन्।"*



हो,सुन्नुभयो,सदा-सर्वदाको आनन्द।विश्वाश गर्न गार्हो भयो?यसलाई पक्का गर्न हामी अर्को पद प्रकाश २१:४ लाई पनि हेरौ।

*"अनि परमेश्वरले उनीहरुका आँखाहरुबाट सबै आँसुहरु पुछिदिनुहुनेछ;अनि मृत्यु कहिल्यै हुनेछैन, न ता शोक,न रुवाइ,न पिडा नै कहिल्यै हुनेछ;किनकी पहिलेका कुराहरु बितिसकेका छन्।"*

पहिलेका कुराहरु के हुन त? ति कुराहरु दुष्टता,रोग,सतावट,रोदन,पिडा,आँसु,मृत्यु आदी।सम्पूर्ण दुष्टताको अनुमति।ति सबै बिति जानेछन।हो,रोदन दु:ख–पीडा,आँसु र मृत्यु सबै विलिन भएर जानेछन।



तब नै परमेश्वरले यस पृथ्वीमा छोटो समय सिमाको लागी छोडिदिनुभएको दुष्टताको ठेट कारण र उद्देश्य अनि परमेश्वरको महानता,ज्ञान,प्रेम र शक्ति प्रकट हुनेछ जसरी अय्युब १४:४ मा लेखिएको छ।

*"कसले अशुद्द वस्तुबाट शुद्द वस्तु निकाल्न सक्छ र? कसैले पनि सक्दैन।"*

हो, परमेश्वरले  मात्र यस दुष्ट युगलाई सिद्द मानवजातीले बसोबास गरेको सिद्द संसार बनाउन सक्नुहुन्छ।अनि त्यो तब मात्र सम्भब छ,जब मानवजातीले पाप र मृत्युलाई पुर्ण तवरमा घृणा गर्न सिक्नेछन।यो,यही कारणले परमेश्वरले दुष्टतालाई अनुमति/स्थान दिनुहुन्छ।तब,भविष्यमा पृथ्वी र स्वर्गमा उहाँको सबै सृष्टिहरु सर्वशक्तिमान र सिंहासनमा बिराजमान हुनुहुने र उहाँको एकमात्र पुत्र महिमाले पूर्ण येशू ख्रीष्टको (थुमा) प्रशंसा र स्तुति सहित गीत गाउनेछन।यो मानिसहरुले दुष्टताको अनुमतिकै निम्ती पनि र,पिता र पुत्रको प्रेम,न्याय,शक्ति र ज्ञानको निम्ति जुनचाहिँ परमेश्वरको दिब्य योजनामा प्रकट भएको छ,यि कारणहरुका लागी पिता र पुत्रमा प्रशंसासाथ आराधना चढाउने छन।अझै,सारा विश्वले त्यस भबिष्यको समयमा के भन्नेछन भन्ने विषयमा केही अगमवाणीका वचनहरु हेरौ। प्रकाश ५:१३

*"अनि स्वर्गमा,पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक सृष्टि गरिएको प्राणीले र समुन्द्रमा भएकाहरु र तिनमा भएका सबै थोकहरुले यसो भनिरहेको मैले सुने,त्यस सिंहासनमाथि बस्नुहुनेलाई र त्यस थुमालाई धन्यवाद,महिमा र सामर्थ्य सदा-सर्वदा भइरहोस्!"*

हो,पढ्नुभयो अनि सुन्नुभयो?हो,आऔ हामी तत्कालिन जल्दोबल्दो प्रश्नको उत्तर भेट्टाएकोमा उहाँलाई स्तुति,प्रंशसा र आराधना चढाऔ।

# आमेन

